पाँचखपन नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २ मितिः २०७८/१०/२८

## भाग-१

## पाँचखपन नगरपालिका

### पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८

नगर सभाबाट स्वीकृत मितिः २०७८/१०/२१
प्रमाणिकरण मितिः२०७८/१०/२३
प्रकाशन मितिः२०७८/१०/२८

**प्रस्तावनाः** स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम पाँचखपन नगरपालिकाको सभाले यो ऐन स्वीकृत गरि लागु गरेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ रहेको छ।

(२) यो ऐन पाँचखपन नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले पाँचखपन नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले पाँचखपन नगरपालिका सम्झनु पर्दछ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्दछ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त पाँचखपन नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही पाँचखपन नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**५. बचाऊः** यो ऐन लागू हुनुभन्दा अगावै नगरपालिकाले पारित गरी लागू गरेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत